# लुम्बिनी प्रदेश सरकार
# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन भएको मितिः २०८१/१०/३०)**

लुम्बिनी प्रदेश, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार 'उत्पादनमुलक, उपभोक्ता, श्रम, सेवामुलक सहकारी मार्फत नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम' सञ्चालनार्थ 'नवप्रवर्तन कार्यक्रम र प्रविधिमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१' बमोजिम तोकिएका मापदण्ड पुगेका (दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ/संस्थाहरु) कार्यक्रममा सहभागी हुन ईच्छुक सहकारी संघ/संस्थाहरुले मिति २०८१/११/१४ गते भित्र सम्बन्धित जिल्लास्थित कार्यालय (कृषि ज्ञान केन्द्र/भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय)मा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन, अनुसूची-३ बमोजिमको ढाँचामा शिलबन्दी प्रस्ताव(व्यावसायिक योजना) र कार्यविधिको अनुसूची-१ मा उल्लिखित प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु संलग्न गरी पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। उल्लिखित कार्यविधि तथा आवश्यक ढाँचाहरु मन्त्रालयको वेवसाइट 'molmac.lumbini.gov.np' बाट डाउनलोड गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराइन्छ।